लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना कार्यविधि, २०८१

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी),नेपाल
२०८१

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रदेश सचिव

युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना, कार्यान्वयन कार्यविधि २०८१ प्रमाणित मिति: २०८१/०६/२६

**प्रस्तावना**: लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको प्रदेश सरकारको (कार्य विभाजन ) नियमावली,२०७९ ऐनको, २०८१ दफा १० को २ अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कार्य जिम्मेवारी सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकारभित्र रहेको छ । नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना पहिलो चरणको आयोजना दस्तावेजमा प्रदेश स्तरमा युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना कार्यान्वयन गर्ने विषय समावेश भएकोले सो कार्यक्रम कार्यन्वयन तथा स्रोत परिचालनलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले, प्रदेश बिनियोजन , २०८१ को दफा १०(२) वमोजिम लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यक्रम कार्यन्वयन निर्देशिका"** भन्नाले परियोजना अन्तर्गत लुम्बिनी प्रदेशमा वार्षिक कार्यक्रम कार्यन्वयन गर्न तयार पारिएको प्रक्रियागत ढाँचा सहितको दस्तावेज (Project Implementation Manual) लाई सम्झनु पर्दछ ।

(ख) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ग) "TVET" भन्नाले प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम अंग्रेजीमा Technical and Vocational Education and Training लाई सम्झनु पर्दछ ।

(घ) "Project Document" भन्नाले क्वालिटी परियोजनाको संच्चालन गर्न तयार पारिएको विस्तृत परियोजना दस्तावेज र सोको संशोधनहरुलाई समेत सम्झनु पर्दछ ।

(ङ) **"प्रदेश परियोजना निर्देशन समिति"** भन्नाले परियोजनाको संचालन गर्न मन्त्रालयले स्थापना गरेको "प्रदेश परियोजना निर्देशन समिति (Provincial Project Steering Committee (PPSC)" सम्झनु पर्छ ।

(च) **"प्रादेशिक परियोजना सहयोग इकाई"** भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने संस्थाको सहयोगमा स्थापना भएको "प्रादेशिक परियोजना सहयोग इकाई (Provincial Project Support Unit (PPSU)" सम्झनु पर्छ ।



मा. जन्मजय तिमिल्सिना

(छ) "प्राविधिक शिक्षालय" भन्नाले अनुसूची १ बमोजिमको परियोजना अन्तर्गत गुणस्तर सुनिस्चितताको लागि लुम्बिनी प्रदेशमा छनोट भएका प्राविधिक शिक्षालयहरूलाई सम्झनु पर्दछ र सो शब्दले विद्यालयलाई समेत जनाउने छ ।

(ज) **"परियोजना"** भन्नाले युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Quality Technical and Vocational Education and Training for Youth-QualiTY) परियोजना सम्झनु पर्छ ।

(झ) **"परियोजना कार्यान्वयन तथा समन्वय समिति"** भन्नाले परियोजनाको कार्यान्वयन तथा समन्वय गर्न मन्त्रालयले प्रदेशभित्र स्थापना गरेको "परियोजना कार्यान्वयन तथा समन्वय समिति (Project Implementation and Coordination Committee – Province (PICC – P)" सम्झनु पर्छ ।

(ञ) **"परियोजना समन्वय तथा कार्यान्वयन इकाई "** भन्नाले परियोजनाको कार्यान्वयन गर्न मन्त्रालयले स्थापना गरेको "परियोजना समन्वय तथा कार्यान्वयन इकाई (Project Coordination and Implementation Unit – Province (PCIU-P)" लाई सम्झनु पर्छ ।

(ट) **"लाभग्राही"** भन्नाले परियोजना मार्फत प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा पाउने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ठ) **"वार्षिक कार्यक्रम कार्ययोजना"** भन्नाले वार्षिक रुपमा गरिने सम्पुर्ण क्रियाकलापहरुको योजना तथा बजेट उल्लेख गरिएको विस्तृत विवरण भएको दस्तावेज (Yearly Plan of Operations) लाई सम्झनु पर्दछ ।

(ड) **"स्थानीय तह"** भन्नाले लुम्बिनी प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ढ) **"सरोकारवाला"** भन्नाले परियोजना कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी, निजी क्षेत्र र संस्था समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## संस्थागत संरचनाको व्यवस्था

३. <u>उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना कार्यान्वयन गर्न सहयोग गर्नु ।

(ख) गुणस्तर सुधारकोलागि TVET शिक्षण संस्थाहरुको स्तर निर्धारण र छनोट गर्नु ।

(ग) प्रदेश तथा स्थानीय तहको समन्वयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुमा शिक्षालय सुधार योजना लागु गर्नु ।

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाका प्राचार्यहरु र स्थानीय तहका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्नु ।

(ङ) परियोजना कार्यान्वयन गर्न गठन हुने संरचनाहरुको कार्ययोजना कार्यान्वय गर्नु ।

४. **प्रदेश परियोजना निर्देशन समिति (Provincial Project Steering Committee):**

(१) मन्त्रालयबाट सञ्चालन हुने परियोजना कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्न नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना पहिलो चरणको आयोजना दस्तावेज अनुसार देहाय बमोजिमको परियोजना निर्देशन समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | मन्त्री, सामाजिक विकास मन्त्रालय | – अध्यक्ष |
| (ख) | समन्वय प्रमुख, SDC | – सह-अध्यक्ष |
| (ग) | सचिव, सामाजिक विकास मन्त्रालय | – सदस्य |
| (घ) | महाशाखा प्रमुख, प्रशासन विषय हेर्ने, सामाजिक विकास मन्त्रालय | – सदस्य |
| (ङ) | महाशाखा प्रमुख, शैक्षिक योजना विषय हेर्ने, सामाजिक विकास मन्त्रालय | – सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय | – सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (ज) | अधिकृत प्रतिनिधि, प्रदेश क्षेत्रगत मन्त्रालयहरु | – सदस्य |
| (झ) | प्रमुख / प्रतिनिधि, न.पा./गा.पा. महासंघ/ संघ, लुम्बिनी प्रदेश (२ जना ) | – सदस्य |
| (ञ) | प्रतिनिधिहरू (३ जना मध्ये कम्तीमा १ महिला सहित), व्यापार/उद्योग/रोजगारदाता | – सदस्य |
| (ट) | प्राचार्य, TVET स्कूल (कम्तीमा २ जना, सामाजिक विकास मन्त्रालयबाट मनोनित) | – सदस्य |
| (ठ) | प्रतिनिधि, SDC | –सदस्य |

(२) समितिले परियोजना सहयोग इकाई, क्वालिटी परियोजनाबाट परियोजना प्रमुख र प्रदेश प्रबन्धकलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा वर्षको २ पटक बस्नेछ र सो समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परियोजनाको वार्षिक नीति तथा कार्यक्रम र कार्ययोजना स्वीकृत गर्ने,

(ख) परियोजनाको वार्षिक र वित्तीय प्रतिवेदन स्वीकृत गर्ने ।

(ग) आयोजना/ कार्यक्रमको कार्यान्वयन सुनिश्चितता गर्ने / गराउने ।

(घ) परियोजना कार्यन्वयनका लागि नीतिगत निर्णय गरि कार्यान्वयनका क्रममा आउने समस्याहरु समाधान गर्ने ।

(ङ) परियोजनाको प्रगतिको आधारमा परियोजना समन्वय तथा कार्यान्वयन इकाई (PCIU-P) र स्थानीय तहलाई मार्गदर्शन गर्ने ।

(च) परियोजनाका कार्यक्रमहरुको कार्यान्वयन सुनिश्चितता गर्न प्रदेश स्तरीय परियोजना कार्यान्वयन तथा समन्वय समिति (PICC-P) संग समन्वय र सहकार्य गर्ने/ गराउने ।

(छ) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>प्रादेशिक परियोजना कार्यान्वयन तथा समन्वय समिति</u> **(Provincial Project Implementation and Coordination Committee)**: (१) मन्त्रालयबाट सञ्चालन हुने परियोजना कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्न नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको आयोजनाको दस्तावेज अनुसार देहाय बमोजिमको परियोजना कार्यान्वयन तथा समन्वय समिति रहनेछः-

(क) सचिव, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) महाशाखा प्रमुख, उच्च शिक्षा विषय क्षेत्र हेर्ने, सामाजिक विकास मन्त्रालय - सदस्य

(ग) महाशाखा प्रमुख, प्रशासन विषय क्षेत्र हेर्ने, सामाजिक विकास मन्त्रालय - सदस्य

(घ) अधिकृत स्तरको प्रतिनिधि, स्थानीय तह १ जना - सदस्य

(ङ) प्रतिनिधि, SDC - सदस्य

(च) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम विषय क्षेत्र हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) समितिले परियोजना सहयोग इकाई, क्वालिटी परियोजनाबाट प्रदेश प्रवन्धकलाई सदस्यको रुपमा आमन्त्रण गर्नेछ र आवश्यकता अनुसार विषयगत विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक वर्षको कम्तिमा ४ पटक बस्नेछ र सो समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश तथा स्थानीय स्तरमा आयोजना गरिने क्रियाकलापको प्रगतिको समीक्षा गर्ने र परियोजनाका कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(ख) प्रदेश र स्थानिय स्तरमा कार्यक्रम कार्यान्वियन सम्बन्धी समस्याहरूको समीक्षा गर्ने र तिनीहरूको समाधान गर्ने र आवश्यकता अनुसार सुधारका उपाय प्रादेशिक परियोजना निर्देशन समिति (**PPSC**) मा लेखी पठाउने ।

(ग) वार्षिक कार्यक्रम र बजेटको तयारी र समीक्षा गर्ने र अनुमोदनको लागि प्रादेशिक परियोजना निर्देशन समिति (**PPSC**) समक्ष पेश गर्ने ।

(घ) वार्षिक कार्यक्रम कार्ययोजना (**YPO**) को सन्दर्भमा वार्षिक कार्यक्रमको समीक्षा गर्ने, आवश्यक प्रस्तावहरु तयार गर्ने र अनुमोदनको लागि प्रादेशिक परियोजना संचालन निर्देशन (**PPSC**) समक्ष पेश गर्ने।

६. <u>परियोजना समन्वय तथा कार्यान्वयन इकाई (**Project Coordination and Implementation Unit (PCIU-P)**</u>: (१) मन्त्रालयबाट सञ्चालन हुने युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परियोजना कार्यान्वयनको लागि नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पहिलो चरणको दस्तावेज अनुसार आवश्यक समन्वय र अनुगमन गर्नका लागि देहाय बमोजिमको इकाई (PCIU-P) रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विषय क्षेत्र हेर्ने महाशाखा प्रमुख, | – संयोजक |
| (ख) | महाशाखा प्रमुख, प्रशासन विषय क्षेत्र हेर्ने, सामाजिक विकास मन्त्रालय | – सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, लुम्बिनी प्रदेश, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | – सदस्य |
| (घ) | प्रतिनिधि, CTEVT | – सदस्य |
| (ङ) | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विषय क्षेत्र हेर्ने शाखा अधिकृत | – सदस्य सचिव |

(२) समितिले परियोजना सहयोग इकाई, क्वालिटी परियोजनाबाट प्राविधिक संयोजक वा प्राविधिक अधिकृतलाई सदस्यको रुपमा आमन्त्रण गर्नेछ ।

७. <u>परियोजना समन्वय तथा कार्यान्व्यन इकाई (Project Coordination and Implementation Unit (PCIU-P)) को काम, कर्तव्य र अधिकार</u>ः उपदफा (१) बमोजिमको इकाईको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परियोजना कार्यान्वयनकोलागि आवश्यकता अनुसारको जनशक्ति (कर्मचारी) परिचालन गरी आयोजना कार्यक्रमहरु संचालन गर्ने ।

(ख) आयोजनाका कार्यक्रम कार्यान्वयन गर्न वार्षिक कार्यक्रम र बजेट निर्माण गर्ने र आवधिक प्रतिवेदनहरू तयार गर्ने ।

(ग) परियोजना दस्तावेज (Project Document) अनुरूप योजना र बजेट तयार गर्न स्थानीय तहलाई सहयोग गर्ने, YPO तयार गरि प्रतिवेदन पेश गर्ने ।

(घ) योजना कार्यान्वयनका लागि बजेट निर्माण र परियोजना गतिविधिहरूको अनुगमनमा स्थानीय सरकारहरूसँग समन्वय गर्ने ।

(ङ) स्थानीय तहलाई वितरण गरिने कोषहरू (SDC र प्रदेशबाट) व्यवस्थित गर्ने र तिनीहरूको प्रक्षेपण प्रदेश –PLMBIS मा सुनिश्चित गर्नका साथै प्रत्येक स्थानीय तहलाई समयमै वितरण गर्ने ।

(च) प्रदेश स्तरमा आयोजना गतिविधिहरू कार्यान्वयन गर्न सशर्त अनुदानको रूपमा विनियोजन गरिएको रकम व्यवस्थापन गर्ने ।

(छ) परियोजना गतिविधिहरूको कार्यान्वयनमा प्रादेशिक परियोजना सहयोग इकाई **(PPSU)** सँग सहकार्य गर्ने; परियोजना परिणामहरूको प्रगति र उपलब्धिहरूको अनुगमन गर्ने ।

(ज) प्रादेशिक परियोजना संचालन समिति **(PPSC)** को सचिवालयको रूपमा काम गर्ने ।

(झ) प्रादेशिक बैठकहरू संचालन गर्ने र परियोजना प्रगतिको बारेमा सिकाइको आदानप्रदान गर्ने ।

८. <u>प्रदेश परियोजना सहयोग इकाई (Province Project Support Unit (PPSU)</u>: (१) मन्त्रालयबाट सञ्चालन हुने युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परियोजना कार्यान्वयनको लागि प्रादेशिक परियोजना संचालन समिति (PPSC), परियोजना कार्यान्वयन तथा समन्वय समिति (PICC-P) र परियोजना समन्वय तथा कार्यान्वयन इकाई (PCIU-P) लाई प्राविधिक सहयोग गर्नको लागि परियोजनाको दस्तावेज बमोजिम देहायका कर्मचारी सदस्य भएको प्रदेश परियोजना सहयोग इकाई रहनेछ:-

(क) प्रदेश प्रबन्धक-१

(ख) प्राविधिक संयोजक-१

(ग) प्राविधिक अधिकृत-२

(२) उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) मन्त्रालयलाई परियोजनको योजना, कार्यक्रम र बजेट निर्माणमा प्राविधिक सहायोग गर्ने ।

(ख) सामाजिक विकास मन्त्रालय र TVET कार्यालयसँगको सहकार्यमा प्रदेश र स्थानीय तहका कर्मचारीहरूको लागि क्षमता विकास योजना निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) स्थानीय तहसँगको सहकार्यमा TVET विद्यालयका व्यवस्थापकीय र प्रशिक्षक लागी क्षमता अभिवृद्धि कार्यक्रम निर्माण गरी कार्यान्वयनका लागी सहजीकरण गर्ने ।

(घ) मूल्याङ्कन विशेषज्ञहरू र सामाजिक विकास मन्त्रालय अन्तर्गतका TVET कार्यालयसंगको समन्वय र सहयोगमा अनुगमनको योजना निर्माण र कार्यान्वयन गर्ने ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ङ) विद्यालय सुधार योजना कार्यान्वयन गर्न प्राविधिक विद्यालयहरूलाई अभिमुखीकरण र सहयोग गर्ने ।

(च) अनुगमन र मूल्याङ्कन योजना कार्यान्वयन गर्न प्राविधिक विद्यालयहरूलाई अभिमुखीकरण र सहयोग गर्ने ।

(छ) TVET विद्यालयहरूलाई विद्यालयको स्व-मूल्याङ्कन गर्न सहयोग गर्ने ।

(ज) TVET विद्यालयहरूलाई गुणस्तर व्यवस्थापन गर्न सहयोग गर्ने ।

(झ) TVET विद्यालयहरूलाई विद्यालयको विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ञ) TVET विद्यालयहरूलाई विद्यालयको क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने ।

(ट) विद्यालयमा कोचिङ र मेन्टरिङ क्रियाकलाप कार्यान्वयन गर्न विद्यालयहरूलाई सहयोग गर्ने ।

(ठ) स्थानीय तहका सरोकारवालाहरूका लागि अभिमुखीकरण सञ्चालन गर्ने ।

(ड) TVET विद्यालयहरूलाई सम्बन्धन / मान्यता प्रक्रिया सुरु गर्न सहयोग गर्ने ।

(ढ) स्थानीय सरकारलाई TVET विद्यालयहरूको लागि कोष संयन्त्र विकास गर्न सहयोग गर्ने ।

## परिच्छेद -३

**विद्यालय/ शिक्षालय छनौट सम्बन्धि आधार र मापदण्ड ।**

**९) विद्यालय/ शिक्षालय छनौट सम्बन्धि आधार तथा मापदण्डः** (१) परियोजना अन्तर्गत पहिलो चरणमा गुणस्तर सुनिसत्ता को लागि लुम्बिनी प्रदेशमा छनौट भएका प्राविधिक शिक्षालय/ विद्यालय अनुसूची १ बमोजिम रहेका छन्

(२)परियोजनाको कार्यक्रम संचालनका लागि शिक्षालय/ विद्यालयको छनोटका मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) छनोटमा पर्ने विद्यालयले परियोजनाले तोकेको ढाचामा स्वमुल्यांकन गरि विद्यालय सुधार योजना तयार गरि विद्यालय व्यवस्थापन समितिबाट स्विकृत गरेको हुनुपर्नेछ ।

(ख) कार्यक्रम कार्यन्वयनको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय .

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(घ) प्रस्तावना पेश गरेको निबेदन पत्र

(ङ) शिक्षण संस्था स्व-मूल्यांकनको विवरण

(च) व्यवस्थापन समितिबाट स्वीकृत शिक्षालय सुधार योजना (SIP)

(छ) शिक्षालय योजना अन्तर्गत कार्यान्वयन सुरु गरेका क्रियाकलापहरुको विवरण

(ज) ट्रेसर अध्ययन गर्ने गरेको विवरण

प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(झ) अध्ययन अनुसन्धान सम्बन्धि विवरण

(ञ) उधोग व्यवसायसंगको सम्बन्ध स्थापना सम्बन्धी विवरण

(ट) उत्पादन इकाईको व्यवस्था र संचालन सम्बन्धी विवरण

(ठ) परामर्श तथा रोजगार सेवा इकाईको व्यवस्था र संचालन सम्बन्धी विवरण

(ड) प्रस्तावना पेश गर्ने सम्बन्धी व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

(ढ) स्थानीय तहको लागत साझेदारी हुने भए लागत साझेदारीको पत्र.

**(३) परियोजना / कार्यक्रम संचालनको लागि विद्यालय/ शिक्षालयले पेस गर्ने प्रस्तावको ढाचा अनुसूची २,३,४,५,६,७ बमोजिम हुनेछ**

(४) परियोजना कार्यक्रम संचालनका लागि छनोटका थप मापदण्ड अनुसूची ८ बमोजिम हुनेछ ।

## परिच्छेद -४

## परियोजना कार्यान्वयन योजना तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्यांकन र प्रतिवेदन

**(१०) प्रादेशिक परियोजना योजना तर्जुमा र कार्यान्वयन:**

(१) प्रादेशिक परियोजना कार्यान्वयनका लागि नतिजामा आधारित अवधारणा अनुसार प्रदेश परियोजना समन्वय इकाईले सरोकारवालाहरुसँग छलफल, अन्तर्क्रिया गरी प्राप्त सुझावहरु समेतका आधारमा प्रत्येक आ. व. को फागुन मसान्त भित्र आगामी आ. व. को वार्षिक कार्यक्रम कार्ययोजना (YPO) तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गर्नेछ ।

(२) परियोजना कार्यान्वयन तथा समन्वय समितिले वार्षिक कार्यक्रम कार्ययोजना (YPO) स्वीकृत गरी चैत्र मसान्त भित्रमा प्रदेश परियोजना निर्देशन समितिमा पेश गर्नेछ ।

(३) प्रदेश परियोजना निर्देशन समितिले स्वीकृत गरेको वार्षिक कार्यक्रम कार्ययोजना (YPO) बैशाख महिना भित्रमा संघीय परियोजना सहयोग इकाईमा PLMBIS मा प्रविष्टि गर्नको लागि पठाउने छ । PLMBIS मार्फत स्वीकृत भै प्राप्त कार्यक्रम र बजेट योजनाको आधारमा प्रत्येक कार्यक्रमको बिस्तृत कार्ययोजना बनाइ कार्यन्वयन गर्नुपर्नेछ ।

(११) **अनुगमन तथा मूल्याङ्कन:** (१) प्रदेश परियोजना समन्वय इकाईले परियोजनाको क्रियाकलापहरुलाई थप गुणस्तरीय र प्रभावकारी रुपमा कार्यन्वयन गर्न परियोजनाको तार्किक ढाचा (Logical Framework) ले तोकेको प्रत्येक उपलब्धि र क्रियाकलापहरुको सूचांकका आधारमा वार्षिक अनुगमन कार्ययोजना तयार गरी सुपरिवेक्षण तथा अनुगमन गर्ने छ ।

(२) परियोजनाबाट कार्यन्वयन भएको क्रियाकलापहरुको प्रभाबकारी अनुगमन गर्नको लागि डाटाबेस प्रणालीको व्यवस्था गरिनेछ ।

प्रदेश सचिव



मा. जन्मजय तिमिल्सिना

(१२) **परियोजनाको समीक्षाः** परियोजनाको समीक्षा त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा गरिनेछ। प्रत्येक आर्थिक बर्षको पहिलो अर्धबार्षिक समिक्षा फाल्गुण मसान्त भित्र र बार्षिक समिक्षा नयाँ आ.व.को साउन मसान्त भित्रमा गर्नु पर्नेछ।

(१३) **प्रतिवेदन:** (१) कार्यक्रम कार्ययोजना अनुसार सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समिति, युबाहरुको लागि गुणस्तरीय शिक्षा र तालिम परियोजना सहयोग इकाई कार्यालयमार्फत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्नु पर्नेछ।

## परिच्छेद – ५
## क्षमता अभिवृद्धि

(१४) **क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रमः** (१) परियोजनाको लक्ष्य अनुसारका प्रत्येक परिणाम संग सम्बन्धित प्राविधिक पक्षहरु TVET क्षेत्रको दश बर्षे रणनैतिक योजना कार्यन्वयन गर्नको लागि स्तर निर्धारण प्रकृया कार्यान्वयन गर्ने, प्रशिक्षक प्रशिक्षण अनुमति सम्बन्धी मापदण्ड निर्माण तथा कार्यन्वयन गर्ने, राष्ट्रिय पाठ्यक्रमको प्रारूप निर्माण तथा कार्यान्वयन गर्ने, शिक्षालय सुधार योजना (SIP) निर्माण तथा कार्यान्वयन गर्न सहयोग गर्ने, TVET प्रादेशिक प्रोफाईल तयार गर्ने जस्ता कामका लागि परियोजना कार्यन्वयनसंग सम्बन्धित जनशक्तिको समग्र रुपमा क्षमता अभिवृद्धि तथा अभिमुखिकरण गरिनेछ।

(१५) **क्षमता अभिवृद्धिः** प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाई(PCIU-P)ले परियोजना लक्षित कार्यक्रमहरुको गुणस्तरीयताका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गर्न देहाय बमोजिमका कार्य गर्नेछ,-

(क) छनौट भएका विद्यालय/शिक्षालय/पोलिटेक्निकहरुलाई विधि प्रक्रियाबारे तालिम सञ्चालन गर्ने,

(ख) छनौट भएका विद्यालय/शिक्षालय/पोलिटेक्निकहरुका प्राचार्य तथा को-अर्डिनेटरहरुलाई आवश्यकताका आधारमा बिद्धालय सुधार योजना(SIP) र स्कूलको रणनैतिक योजना बनाउनका लागि समन्वय र सहयोग गर्ने,

(ग) विद्यालय/शिक्षालय/पोलिटेक्निकहरुलाई नियमित रुपमा परियोजनासंग सम्बन्धीत क्रियाकलापमा आवश्यक प्रविधिक सहयोग गर्ने,

(घ) प्रादेशिक TVET प्रोफईल तयार गरी त्यसको प्रबोधिकरण, प्रचार प्रसार गर्ने काममा सहयोग गर्ने,

(ङ) परियोजना कार्यान्वयन गर्नका लागि आवश्यक संयन्त्र र संरचनामा(सामाजिक विकास मन्त्रालय तथा परियोजनका अन्य सरोकारवाला मन्त्रालय र कार्यालयका)कर्मचारीहरुलाई क्वालिटी परियोजनाको विषयमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरी जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

प्रदेश सचिव

(च) TVET को प्रादेशिक नीति तयार गरी लागु गर्न सहयोग गर्ने,

(छ) TVET संचालन गर्ने सबै किसिमका विद्यालय/शिक्षालय/पोलिटेक्निकहरुलाई स्तर निर्धारण मापदण्ड बनाई ग्रेडीङ गर्न सहयोग गर्ने र

(ज) प्रदेश स्तरीय छात्रवृत्ति सम्बन्धि कार्यनीति र संचार रणनीति बनाई लागु गर्नका लागि सामाजिक विकास मन्त्रालयलाई सहयोग गर्ने ।

## परिच्छेद – ६
## कार्यक्रम तथा वित्तीय व्यवस्थापन

(१६) <u>कार्यक्रम तथा बजेट</u>: (१) युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परियोजना कार्यान्वयनका लागि स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम प्रदेश परियोजना समन्वय इकाईले वार्षिक कार्यक्रम तथा बजेट तयार गर्नुपर्नेछ ।

(२) प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको कार्यक्रम तथा बजेट परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गर्नुपर्नेछ ।

(३) परियोजना कार्यान्वयन तथा समन्वय समितिले कार्यक्रम तथा बजेट प्रदेश परियोजना निर्देशन समितिमा स्वीकृतका लागि प्रस्ताव पेश गर्नुपर्नेछ ।

(४) परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना समन्वय इकाईका पदाधिकारीहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता प्रदेश सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ।

(१७) <u>कोष प्रवाह तथा वित्तीय प्रबन्ध</u>: (१) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि प्रदेश परियोजना समन्वय इकाईले परियोजनाको क्रियाकलाप कार्यान्वयन गर्न मन्त्रालयमा प्राप्त अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

(२) प्रदेश परियोजना समन्वय इकाईले कार्यक्रम तथा बजेट सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको कार्यान्वयन तथा समन्वय गर्नुपर्नेछ ।

(३) परियोजनाको खर्चको लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद – ७
## संस्थागत विकास

(१८) <u>युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परियोजना को संस्थागत विकास</u>: प्रदेश तथा स्थानीय तहमा युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परियोजनाको संस्थागत विकासको लागि देहायका कामहरु गरिनेछ,-

(क) सामाजिक विकास मन्त्रालय अन्तर्गत प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम को कार्यालय स्थापना गर्ने ।

(ख) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यालयले प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयको मानक कार्यविधि तयार गर्ने ।

(ग) सामाजिक विकास मन्त्रालयले प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयका व्यवस्थापनकोलागि स्थानीय तहसंग स्रोत विनियोजन गर्न समन्वयका लागि सहजीकरण गर्ने ।

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयका प्रधानाध्यापकहरुलाई विद्यालय सुधार योजना तयार र कार्यन्वयन गर्नकालागि सहयोग गर्ने ।

(ङ) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयमा सिमान्तकृत समुदायका विद्यार्थी भर्ना गराउन र टिकाई राख्न प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयको छात्रवृति नीति र संचार रणनीति तयार गर्न सहजीकरण गर्ने ।

(१९). <u>परियोजना कार्यन्वयन समिति (PIC):</u>

(१) नेपालको संविधान २०७२ ले व्यवस्था गरेको स्थानीय तहको कार्य जिम्मेवारी अनुरुप परियोजना कार्यक्रमहरु कार्यन्वयनकालागि स्थानीय सरकारहरुले परियोजना कार्यन्वयन समिति (PIC) गठन गर्नेछन।

(२) स्थानीय तहमा परियोजनाका क्रियाकलापहरुको निर्देशन, समन्वय तथा कार्यान्वयनका लागि तपसिल अनुसारको परियोजना कार्यन्वयन समिति (PIC) रहनेछ ;

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तह प्रमुख | - अध्यक्ष |
| ख) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| ग) शिक्षा शाखा/महाशाखा प्रमुख | - सदस्य सचिव |

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ: -

(क) संघ र प्रदेश मार्फत प्राप्त गरिएको सशर्त अनुदान परिचालन गर्ने ।

(ख) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयको व्यवस्थापन तथा स्थानीय स्तरको मापदण्ड बनाउने।

(ग) लागत साझेदारी ( matching grant) अनुरुप वार्षिक योजना तथा बजेट तयार गर्ने, प्रदेश र स्थानीय सरकारमार्फत कार्यन्वयन गरिएका परियोजना कार्यक्रमहरुको प्रगति प्रतवेदन तयार गर्ने र यी कुराहरु वार्षिक कार्ययोजना (YPO) र वार्षिक प्रतिवेदनमा समावेश गर्ने ।

(घ) परियोजना कार्यक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्ति (कर्मचारी) नियुक्त गर्ने ।

(ङ) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयको सहयोगको लागि निर्देशिका, कार्यविधि र पुस्तिका तयार गर्ने र कार्यन्वयन गर्ने (विद्यालय कार्यक्रमहरुको छनौट, बजेट, अनुगमन, मुल्यांकन), प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यालयको प्रतिनिधि र CTEVT को मानक निर्धारण विभागको प्रतिनिधिका साथमा राष्ट्रिय स्तरमा निर्धारित मापदण्ड अनुरुप TVET विद्यालयको पहुँच र सिफारिसका लागि अनुगमन गर्ने।

(च) विशेष स्थानमा विशेष पाठ्यक्रम प्रदान गर्ने प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक विद्यालयालाई लक्षित गर्दै प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यालयको सहयोगमा विभिन्न स्थानीय तहसंग साझेदारी कोषको स्थापना गर्न पहल गर्ने ।

## परिच्छेद – ८
## विविध

(२०) **कार्यविधिमा संशोधनः** (१) यस कार्यविधिमा समयानुकूल कुनै संसोधन गर्नु परेमा मन्त्रालयले आवश्यकता अनुसार परियोजना निर्देशन समितिको सुझाब अनुसार संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरु संघीय कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म यो कार्यविधिको प्रावधान अमान्य हुनेछ ।

(२१) . **आवश्यक व्यवस्था मिलाउन सक्नेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आइपरेमा मन्त्रालयले आवश्यक व्यावस्था मिलाउन सक्नेछ ।

(२२). **प्रचलित कानून बमोजिम हुनेः** यस कार्याविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सचिव

## अनुसूची १

(दफा ९ को उपदफा १ संग सम्बन्धित )

परियोजना अन्तर्गत पहिलो चरणमा गुणस्तर सुनिस्चितताको लागि लुम्बिनी प्रदेशमा छनोट भएका प्राविधिक शिक्षालयहरू निम्न बमोजिम रहनेछन ।

१. भेरी प्राविधिक विद्यालय, नेपालगन्ज, बाँके
२. नेपालगन्ज स्वास्थ्य क्याम्पस , नेपालगन्ज, बाँके
३. नेशनल ईन्जिनियरिङ् कलेज , नेपालगन्ज, बाँके
४. नेपालगन्ज प्राविधिक कलेज , नेपालगन्ज, बाँके
५. कैलपाल एकेडेमी फर हेल्थ साइन्स, नेपालगन्ज, बाँके
६. एग्रो फरेस्ट्री पोलिटेक्निक इन्स्टिच्युट, छत्रदेव गाउँपालिका, अर्घाखाँची
७. भेरी कलेज अफ मेडिकल साइन्स, गुलरिया नगरपालिका, बर्दिया
८. महाकवि देवकोटा मावि, गुलरिया नगरपालिका, बर्दिया
९. अमर सहिद श्री दशरथ चन्द मावि, राजपुर नगरपालिका, बर्दिया
१०. शुक्र मावि, मधुवन नगरपालिका, बर्दिया
११. नेपाल राष्ट्रिय मावि, धोधरी, मधुवन नगरपालिका, बर्दिया
१२. सहिद कृष्णसेन इच्छुक पोलिटेक्निक इन्स्टिच्युट, घोराही उपमहानगरपालिका, दाङ
१३. इमेज इन्जिनियरिङ कलेज, घोराही उपमहानगरपालिका, दाङ
१४. गुरु जजुर मा वि, तुलसीपुर, दाङ
१५. माध्यमिक विद्यालय अश्वरा, तुलसीपुर, दाङ
१६. बाल जनता मावि, बानगाउँ, लमही नगरपालिका
१७. सूर्यविनायक मावि, लमही नगरपालिका, दाङ
१८. श्री मावि, चैनपुर, गढवा गाउँपालिका
१९. तुलसीपुर पोलिटेक्निक इन्स्टिच्युट, तुलसीपुर, तुलसीपुर नगरपालिका, दाङ
२०. सर्वोदय मा. Vi. सिसहनिया, राप्ती गाउँपालिका
२१. गोरक्ष रत्न नाथ मावि, चौघेरा, घोराही उपमहानगरपालिका
२२. जनकल्याण मावि, सिमसुन्दरपुर, शान्तिनगर गाउँपालिका
२३. तुराङ पोलिटेक्निक इन्स्टिच्युट, चन्द्रकोट गाउँपालिका, गुल्मी
२४. जीवनोधर मावि, कालीगण्डकी गाउँपालिका, गुल्मी
२५. ज्ञानोदय मावि, चन्द्रकोट गाउँपालिका, गुल्मी
२६. सरस्वती मावि, सत्यवती गाउँपालिका, गुल्मी
२७. हिमालय मावि, इस्मा गाउँपालिका, गुल्मी

प्रदेश सचिव

२८. महेन्द्र आदर्श मावि, मुसिकोट नगरपालिका, गुल्मी
२९. श्री सिद्धबाबा मावि, रेसुंगा नगरपालिका, गुल्मी
३०. म्यालपोखरी मावि, गुल्मीदरबार गाउँपालिका, गुल्मी
३१. पृथ्वी मावि, मदने गाउँपालिका, गुल्मी
३२. अनिरुद्ध सार्वजनिक मावि बैदौली, यशोधरा गाउँपालिका, कपिलवस्तु
३३. जनचेतना सामुदायिक मावि, शिवराज नगरपालिका, कपिलवस्तु
३४. नेपाल आदर्श मावि, शिवराज नगरपालिका, कपिलवस्तु
३५. जानकी मावि, महाराजगञ्ज नगरपालिका, कपिलवस्तु
३६. महाकवि देवकोटा मावि, सुनवल, नवलपरासी पश्चिम,
३७. दिव्य ज्योति मावि, नवलपरासी पश्चिम, बर्दघाट नगरपालिका
३८. मदनपोखरा पोलिटेक्निक इन्स्टिच्युट, तानसेन नगरपालिका, पाल्पा
३९. पाल्पा प्राविधिक प्रतिष्ठान, तानसेन नगरपालिका, पाल्पा
४०. तानसेन स्वास्थ्य विज्ञान विद्यालय, तानसेन, पाल्पा
४१. जनकल्याण मावि, रम्भा गाउँपालिका
४२. जनता मावि, निस्दी गाउँपालिका, पाल्पा
४३. जनता मावि, बागदुला, प्युठान
४४. मुक्ति मा. वि., प्युठान
४५. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, परिवर्तन गाउँपालिका, रोल्पा
४६. अरनिको मावि, नुवागाउँ, रोल्पा, त्रिवेणी गाउँपालिका
४७. रम्भादेवी कलेज अफ मेडिकल साइन्स, बुटवल उपमहानगरपालिका
४८. अक्सब्रिज इन्टरनेशनल एकेडेमी, बुटवल उपमहानगरपालिका, रुपन्देही
४९. प्रतिमान निमा मेमोरियल स्वास्थ्य प्रतिष्ठान, सिद्धार्थनगर नगरपालिका, रुपन्देही
५०. ओम साई नर्सिङ क्याम्पस, सिद्धार्थनगर नगरपालिका, रुपन्देही
५१. मायादेवी प्राविधिक कलेज, बुटवल उपमहानगरपालिका
५२. लुम्बिनी इन्जिनियरिङ कलेज, तिलोत्तमा नगरपालिका
५३. जनकल्याण मावि, गैडहवा गाउँपालिका, रुपन्देही

## अनुसूची – २

प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी),नेपाल.
(दफा ९ को उपदफा ३ संग सम्बन्धित )

विद्यालय / शिक्षालय सुधार योजना (**SIP**)कार्यान्वयनका लागि अनुदान सहयोग कार्यक्रमका लागि प्रस्तावको ढाँचा

१. <u>विद्यालय तथा शिक्षालयको संक्षिप्त विवरण:</u>

क) परिचय

ख) शिक्षक/ प्रशिक्षकको विवरण (प्रकृति समेत खुल्ने गरी)

ग) चालु शैक्षिक सत्र सहित ३ बर्षको विद्यार्थी विवरण (विद्यालयले कक्षा ९ र ११, शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा) तोकिएको ढाँचामा

घ) गत वर्षको नतिजा (विद्यालयले SEE र कक्षा १२ र शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा) तोकिएको ढाँचामा

२. <u>विद्यालय/ शिक्षालयको सुधार योजना (**SIP**) अन्तर्गतको कार्यक्रम/ क्रियाकलाप</u>

- कार्यक्रमको नाम :
- कार्यक्रमको औचित्य/आवश्यकता:
- कार्यक्रमको उद्देश्य :
- कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलब्धिहरु:
- सम्पादन गर्नुपर्ने मुख्यमुख्य कामहरु:
- कार्यक्रमको व्यवस्थापकीय पक्ष:

३. **नमुना TVET कार्यक्रम कार्यान्वयनको कार्ययोजना:**

| क्रस | क्रियाकलाप | सञ्चालन अवधि | मुख्य जिम्मेवारी | सूचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४. विद्यालय सुधार कार्यान्वयन योजना कार्यान्वयनका लागि लागत अनुमान (७ लाख सम्मको)



प्रदेश सचि

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| क्रस | क्रियाकलापहरु | रकम | साझेदारी | कैफियत |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |

५. उत्पादन ईकाइ/ रोजगार सेवा इकाई गठन तथा सञ्चालित क्रियाकलाप

६. विगत ५ शैक्षिक सत्रको प्राविधिक धार तर्फ उत्पादित जनशक्तिको हाल सम्मको रोजगारीको अवस्था (निर्धारित ढाँचामा)

७. विद्यालय/ शिक्षालयबाट भएका नवप्रवर्तनीय कार्यहरु (**Innovative Activities**)

८. प्रस्तावना पेश गर्न संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

- प्रस्तावना पेश गरेको निबेदन पत्र
- शिक्षण संस्था स्व-मूल्यांकनको विवरण (विगत वर्षमा पठाइएको)
- व्यवस्थापन समितिबाट स्वीकृत शिक्षालय सुधार योजना (SIP)
- शिक्षालय योजना अन्तर्गत कार्यान्वयन सुरु गरेका क्रियाकलापहरुको विवरण
- Tracer अध्ययन गर्ने गरेको विवरण
- अध्ययन अनुसन्धान सम्बन्धि विवरण
- उद्योग व्यवासयसंग को सम्बन्ध स्थापना सम्बन्धी विवरण
- उत्पादन इकाईको व्यवस्था र संचालन सम्बन्धी विवरण
- परामर्श तथा रोजगार सेवा इकाईको व्यवस्था र संचालन सम्बन्धी विवरण
- प्रस्तावना पेश गर्ने सम्बन्धी व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि
- स्थानीय तहको लागत साझेदारी हुने भए लागत साझेदारीको पत्र
- स्थानीय तहको सिफारिस पत्र

प्रस्ताव पेश गर्ने

प्रधानध्यापक/प्राचार्यको नाम थर : हस्ताक्षर:

शिक्षण संस्थाको छापः सम्पर्क नम्बर :

प्रस्ताव पेश गरेको मिति :

<u>अनुसूची ३</u>

(दफा ९ को उपदफा ३ संग सम्बन्धित)

प्रदेश सचि

१. ३ शैक्षिक सत्रको प्राविधिक तर्फको विद्यार्थी/प्रशिक्षार्थी भर्ना विवरण (विद्यालयले कक्षा ९ र ११, शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा)

| शैक्षिक सत्र | कार्यक्रम | छात्र | | | | | | छात्रा | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | मधेसी | मुस्लीम | अन्य | जम्मा | दलित | जनजाति | मधेसी | मुस्लीम | अन्य | जम्मा | |
| २०७९/०८० | | | | | | | | | | | | | | |
| २०८०/०८१ | | | | | | | | | | | | | | |
| २०८१/०८२ | | | | | | | | | | | | | | |

विगत ५ शैक्षिक सत्रको प्राविधिक तर्फ उत्पादित जनशक्तिको हाल सम्मको रोजगारीको अवस्था (शैक्षिक सत्र २०७६/०७७ देखिको)

| कार्यक्रम | प्राविधिक तर्फ रोजगारीको अवस्था | | | | | | | | | प्राविधिक तर्फ उत्पादित जनशक्तिको हालसम्म रोजगारी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वरोजगार | | | सरकारी सेवा | | | अन्य क्षेत्रमा रोजगारी | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची – ४

(दफा ९ को उपदफा ३ संग सम्बन्धित )

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका(देउखुरी),नेपाल.

क्वालिटी परियोजना अन्तर्गत नमुना TVET शिक्षण सँस्था विकासका लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावको ढाँचा

१. विद्यालय तथा शिक्षालयको संक्षिप्त विवरण:

ङ) परिचय

च) शिक्षक/ प्रशिक्षकको विवरण (प्रकृति समेत खुल्ने गरी)

छ) चालु शैक्षिक सत्र सहित विगत ३ बर्षको विद्यार्थी विवरण (विद्यालयले कक्षा ९ र ११, शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा) तोकिएको ढाँचामा

ज) गत वर्षको नतिजा (विद्यालयले SEE र कक्षा १२ र शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा) तोकिएको ढाँचामा

२. विद्यालय/ शिक्षालयको सुधार योजना (SIP) अन्तर्गतको कार्यक्रम/ क्रियाकलाप

- कार्यक्रमको नाम :
- कार्यक्रमको औचित्य/आवश्यकता:
- कार्यक्रमको उद्देश्य :
- कार्यक्रम कार्यान्वयनवाट प्राप्त हुने मुख्य उपलब्धिहरु:
- सम्पादन गर्नुपर्ने मुख्यमुख्य कामहरु:
- कार्यक्रमको व्यवस्थापकीय पक्ष:

३. नमुना TVET कार्यक्रम कार्यान्वयनको कार्ययोजना:

| क्रस | क्रियाकलाप | सञ्चालन अवधि | मूख्य जिम्मेवारी | सूचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |



प्रदेश सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. नमुना TVET कार्यान्वयनका लागि लागत अनुमान  (२५ लाख सम्मको)

| क्रस | क्रियाकलापहरु | रकम | साझेदारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५. उत्पादन एकाइ/ रोजगार सेवा इकाई गठन तथा सञ्चालित क्रियाकलाप

६. विगत ५ शैक्षिक सत्रको प्राविधिक तर्फ उत्पादित जनशक्तिको हाल सम्मको रोजगारीको अवस्था (निर्धारित ढाँचामा)

७. विद्यालय/ शिक्षालयबाट भएका नवप्रवर्तनीय कार्यहरु (Innovative Activities)

८. प्रस्तावना पेश गर्न संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

- प्रस्तावना पेश गरेको निवेदन पत्र
- शिक्षण संस्था स्व-मूल्यांकनको विवरण (विगत वर्षमा पठाइएको)
- व्यवस्थापन समितिबाट स्वीकृत शिक्षालय सुधार योजना (SIP)
- शिक्षालय योजना अन्तर्गत कार्यान्वयन सुरु गरेका क्रियाकलापहरुको विवरण
- Tracer अध्ययन गर्ने गरेको विवरण
- अध्ययन अनुसन्धान सम्बन्धि विवरण
- उधोग व्यवासयसंग को सम्बन्ध स्थापना सम्बन्धि विवरण
- उत्पादन इकाईको व्यवस्था र संचालन सम्बन्धि विवरण
- परामर्श तथा रोजगार सेवा इकाईको व्यवस्था र संचालन सम्बन्धि विवरण
- प्रस्तावना पेश गर्ने सम्बन्धि व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि
- स्थानीय तहको लागत साझेदारी हुने भए लागत साझेदारीको पत्र
- स्थानीय तहको सिफारिस पत्र

प्रस्ताव पेश गर्ने

प्रधानध्यापक/प्राचार्यको नाम थर :                                        हस्ताक्षरः

शिक्षण संस्थाको छापः                                                      सम्पर्क नम्बर : प्रस्ताव

पेश गरेको मिति :



सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची- ५

(दफा ९ को उपदफा ३ संग सम्बन्धित )

१. ३ शैक्षिक सत्रको प्राविधिक तर्फको विद्यार्थी/प्रशिक्षार्थी भर्ना विवरण (विद्यालयले कक्षा ९ र ११, शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा)

| शैक्षिक सत्र | कार्यक्रम | छात्र | | | | | | छात्रा | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | मधेसी | मुस्लीम | अन्य | जम्मा | दलित | जनजाति | मधेसी | मुस्लीम | अन्य | जम्मा | |
| २०७९/०८० | | | | | | | | | | | | | | |
| २०८०/०८१ | | | | | | | | | | | | | | |
| २०८१/०८२ | | | | | | | | | | | | | | |

२. गत ३ शैक्षिक सत्रको प्राविधिक तर्फउत्तिर्ण विद्यार्थी/प्रशिक्षार्थी विवरण ((विद्यालयले SEE र कक्षा १२ र शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा)

| शैक्षिक सत्र | कार्यक्रम | छात्र | | | | छात्रा | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | |
| २०७८/०७९ | | | | | | | | | | |
| २०७९/०८० | | | | | | | | | | |
| २०८०/०८१ | | | | | | | | | | |

३. विगत ५ शैक्षिक सत्रको प्राविधिक तर्फ उत्पादित जनशक्तिको हाल सम्मको रोजगारीको अवस्था (शैक्षिक सत्र २०७६/०७७ देखिको)

| कार्यक्रम | प्राविधिक तर्फ रोजगारीको अवस्था | प्राविधिक तर्फ उत्पादित जनशक्तिको हालसम्म रोजगारी प्रतिशत |
|---|---|---|

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | स्वरोजगार | | | सरकारी सेवा | | | अन्य क्षेत्रमा रोजगारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची -६

**(दफा ९ को उपदफा ३ संग सम्बन्धित )**

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका(देउखुरी),नेपाल.

**आईसीटी सामाग्री व्यवस्थापनको लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वियनका लागि प्रस्तावको ढाँचा**

**१. विद्यालय तथा शिक्षालयको संक्षिप्त विवरणः**

झ) परिचय

ञ) शिक्षक/ प्रशिक्षकको विवरण (प्रकृति समेत खुल्ने गरी)

ट) चालु शैक्षिक सत्र सहित ३ बर्षको विद्यार्थी विवरण (विद्यालयले कक्षा ९ र ११, शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा) तोकिएको ढाँचामा

**२. विद्यालय/ शिक्षालयको सुधार योजना (SIP) अन्तर्गतको कार्यक्रम/ क्रियाकलाप**

- कार्यक्रमको नाम :
- कार्यक्रमको औचित्य/आवश्यकताः
- कार्यक्रमको उद्देश्य :
- कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलब्धिहरुः
- सम्पादन गर्नुपर्ने मुख्यमुख्य कामहरुः
- कार्यक्रमको व्यवस्थापकीय पक्षः

**३. कार्यक्रम कार्यान्वयनको कार्ययोजनाः**

| क्रस | क्रियाकलाप | सञ्चालन अवधि | मुख्य जिम्मेवारी | सूचक |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४. ICT कार्यान्वयनका लागि लागत अनुमान (४ लाख सम्मको)

| क्रस | क्रियाकलापहरू | रकम | साझेदारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५. उत्पादन एकाइ/ रोजगार सेवा इकाई गठन तथा सञ्चालित क्रियाकलाप

(३) विगत ५ शैक्षिक सत्रको प्राविधिक तर्फ उत्पादित जनशक्तिको हाल सम्मको रोजगारीको अवस्था (निर्धारित ढाँचामा)

(४) हाल उपलब्ध आईसीटीको लागि प्रयोगात्मक कक्षा सम्बन्धी विवरण

(५) हाल उपलब्ध इन्टरनेटको अवस्था (क्षमता, हालको लागि प्रयाप्त भएको/ नभएको, क्षमता थप गर्नुपर्ने/ नपर्ने)

(६) प्रस्तावना पेश गर्न संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

- प्रस्तावना पेश गरेको निवेदन पत्र
- शिक्षण संस्था स्व-मूल्यांकनको विवरण (विगत वर्षमा पठाइएको)
- व्यवस्थापन समितिबाट स्वीकृत शिक्षालय सुधार योजना (SIP)
- शिक्षालय योजना अन्तर्गत कार्यान्वयन सुरु गरेका क्रियाकलापहरुको विवरण
- Tracer अध्ययन गर्ने गरेको विवरण
- अध्ययन अनुसन्धान सम्बन्धि विवरण
- उधोग व्यवासयसंग को सम्बन्ध स्थापना सम्बन्धि विवरण
- उत्पादन इकाईको व्यवस्था र संचालन सम्बन्धि विवरण
- परामर्श तथा रोजगार सेवा इकाईको व्यवस्था र संचालन सम्बन्धि विवरण
- प्रस्तावना पेश गर्ने सम्बन्धि व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि
- स्थानीय तहको लागत साझेदारी हुने भए लागत साझेदारीको पत्र
- स्थानीय तहको सिफारिस पत्र

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रस्ताव पेश गर्ने

प्रधानध्यापक/प्राचार्यको नाम थर : हस्ताक्षरः

शिक्षण संस्थाको छापः सम्पर्क नम्बर :

प्रस्ताव पेश गरेको मिति :

## अनुसूची-७

(दफा ९ को उपदफा ३ संग सम्बन्धित )

१. ३ शैक्षिक सत्रको प्राविधिक तर्फको विद्यार्थी/प्रशिक्षार्थी भर्ना विवरण (विद्यालयले कक्षा ९ र ११, शिक्षालयहरुले प्रि डिप्लोमा र डिप्लोमा)

| शैक्षिक सत्र | कार्यक्रम | छात्र | | | | | | छात्रा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | मधेसी | मुस्लीम | अन्य | जम्मा | दलित | जनजाति | मधेसी | मुस्लीम | अन्य |
| २०७९/०८० | | | | | | | | | | | | |
| २०८०/०८१ | | | | | | | | | | | | |
| २०८१/०८२ | | | | | | | | | | | | |

२. विगत ५ शैक्षिक सत्रको प्राविधिक तर्फ उत्पादित जनशक्तिको हाल सम्मको रोजगारीको अवस्था (शैक्षिक सत्र २०७६/०७७ देखिको)

| कार्यक्रम | प्राविधिक तर्फ रोजगारीको अवस्था | | | | | | | | | प्राविधिक तर्फ उत्पादित जनशक्तिको हालसम्म रोजगारी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वरोजगार | | | सरकारी सेवा | | | अन्य क्षेत्रमा रोजगारी | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची -८

(दफा ९ को उपदफा ४ संग सम्बन्धित )

(क) क्वालिटी परियोजना अन्तर्गत शिक्षालय सुधार योजना (SIP) कार्यान्वयनका लागि अनुदान सहयोग छनौटका आधारहरु:

| क्र.सं | सूचक | पूर्णाङ्क | व्याख्या |
|---|---|---|---|
| १ | स्व- मूल्यांकन सहित शिक्षालय सुधार योजना तयार गरी कार्यान्वयनको सुरुवात गरेको | १० | स्व- मूल्यांकन सहित शिक्षालय सुधार योजना तयारी मात्र गरेको- ५ अंक<br>शिक्षालय सुधार योजना कार्यान्वयनको सुरुवात समेत गरेको - १० अंक |
| २ | बिगत तीन वर्षको कार्यक्रमगत भर्ना क्षमताको भर्ना दर प्राविधिक तर्फ । | १० | २५ प्रतिशत सम्म भर्ना भएको – ५ अंक<br>२५-५० प्रतिशत सम्म भएको – ६ अंक<br>५१-७५ प्रतिशत सम्म भएको – ८ अंक<br>७६ प्रतिशत भन्दा माथि भएको- १० अंक |
| ३ | Digitalization सम्बन्धी अवस्था । | १५ | E-attendance – ५ अंक<br>Website – ५ अंक<br>Soft ware मा रेकर्ड राख्ने गरेको – ५ अंक |
| ४ | भौगोलिक अवस्थिति | ५ | उपमहानगरपालिका/नगरपालिका भए- ३ अंक |

| | | | |
|---|---|---|---|
| | | | गाउँपालिका भए- ५ अंक |
| ५ | शिक्षालय सुधार योजनामा Green TVET, school strategy plan, GESI,Communication, जस्ता विषयहरु समावेश गरी आर्थिक योजना गरेको । | १० | सामान्य भएमा – ५ अंक सम्म<br>राम्रो भएमा – १० अंक सम्म |
| | जम्मा | ५० | |

नोटः कुल अंक मध्ये बढी अंक प्राप्त गर्ने शिक्षण संस्थालाई छनौट समितिले योग्यता सूचीका आधारमा प्राथमिकता निर्धारण गरि स्वीकृतिका लागि सिफारिस गर्नेछ ।अङ्क बराबर भएमा छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**(ख) क्वालिटी परियोजना अन्तर्गत TVET शिक्षण संस्थाहरुका लागि आईसिटी सामाग्री व्यवस्थापनको लागि अनुदान सहयोग कार्यक्रम प्रस्ताव मूल्यांकनका आधारहरु**

| क.सं | सूचक | पूर्णाङ्क | व्याख्या |
|---|---|---|---|
| १ | स्व- मूल्यांकन सहित शिक्षालय सुधार योजना तयार गरि कार्यान्वयनको सुरुवात गरेको | १० | स्व- मूल्यांकन सहित शिक्षालय सुधार योजना तयार गरेको- ५ अंक<br>शिक्षालय सुधार योजना कार्यान्वयनको सुरुवात गरेको - १० अंक |
| २ | बिगत तीन वर्षको कार्यक्रमगत भर्ना क्षमताको भर्ना दर | ५ | २५-५० प्रतिशत सम्म भएको – ४ अंक<br>५१ प्रतिशत भन्दा माथि भएको- ५ अंक |
| ३ | गुणस्तर वृद्धिका लागि गरिएका सफल तथा सिर्जनशील कार्यहरु | १० | एक कार्य – ५ अंक<br>एक भन्दा बढी कार्यहरु – १० अंक |
| ४ | भौगोलिक अवस्थिति | ५ | उपमहानगरपालिका/नगरपालिका भए- ३ अंक<br>गाउँपालिका भए- ५ अंक |
| ५ | ICT प्रयोगशालाको लागि भएको व्यवस्था | १० | ICT प्रयोगशालाको लागि सामान्य व्यवस्था भएको- १० अंक |

| | | | |
|---|---|---|---|
| | | | ICT प्रयोगशालाको व्यवस्थित व्यवस्था सहित प्रयोग भएको- ५ अंक |
| ६ | इन्टरनेटको सुविधा | ५ | इन्टरनेटको सामान्य व्यवस्था भएको- ५ अंक<br>इन्टरनेटको राम्रो व्यवस्था सहित शिक्षण सिकाईमा प्रयोग भएको- ३ अंक |
| ७ | इ हाजिरीको प्रयोग गर्न नसकेको साथै कार्यालयमा email र इन्टरनेट को पहुँच मा कमी रहेको | ५ | |
| | जम्मा | ५० | |

नोटः कुल अंक मध्ये बढी अंक प्राप्त गर्ने शिक्षण संस्थालाई छनौट समितिले योग्यता सूचीका आधारमा प्राथमिकता निर्धारण गरि स्वीकृतिका लागि सिफारिस गर्नेछ ।अङ्क वरावर भएमा छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ I

**(ग) क्वालिटी परियोजना अन्तर्गत नमुना TVET शिक्षण सँस्था विकासका लागि अनुदान सहयोग कार्यक्रम प्रस्ताव मूल्यांकनका आधारहरुः**

| क.सं | सूचक | पूर्णाङ्क | व्याख्या |
|---|---|---|---|
| १ | स्व- मूल्यांकन सहित शिक्षालय सुधार योजना तयार गरी कार्यान्वयनको सुरुवात गरेको | १० | स्व- मूल्यांकन सहित शिक्षालय सुधार योजना तयारी मात्र गरेको- ५ अंक<br>शिक्षालय सुधार योजना कार्यान्वयनको सुरुवात समेत गरेको - १० अंक |
| २ | बिगत तीन वर्षको कार्यक्रमगत भर्ना क्षमताको भर्ना दर (संचालित कार्यक्रम अनुसार) | १० | ५० प्रतिशत प्राप्त गरेमा – ५ अंक<br>५१-६० प्रतिशत सम्म- ६ अंक<br>६१-८० प्रतिशत सम्म - ८<br>८१ प्रतिशत वा सो भन्दा माथि भएमा – १० |
| ३ | बिगत तीन वर्षको उत्तीर्ण दर (नियमित तर्फको) | १० | ५० प्रतिशत – ५ अंक<br>५१-६० प्रतिशत सम्म- ६ अंक<br>६१-८० प्रतिशत सम्म - ८<br>८१ प्रतिशत वा सो भन्दा माथि – १० |

| | | | |
|---|---|---|---|
| ४ | भौगोलिक अवस्थिति | ५ | नगरपालिका भए- ३ अंक<br>गाउँपालिका भए- ५ अंक |
| ५ | प्रशिक्षार्थी संख्या र गुणस्तर वृद्धिका लागि गरिएका सफल तथा सिर्जनशील प्रयासहरु | १५ | Tracer अध्ययन गर्ने गरेको- ३ सम्म<br>अध्ययन अनुसन्धान -३ सम्म<br>उधोग व्यवासयसंग को सम्बन्ध- ३ सम्म<br>उत्पादन इकाईको व्यवस्था र संचालन- ३ सम्म<br>परामर्श तथा रोजगार सेवा इकाईको व्यवस्था र संचालन- ३ सम्म |
| ६ | भौतिक/ शैक्षिक पूर्वाधारको अवस्था | १० | शिक्षण सँस्थाको स्वमूल्यांकनको आधारमा यस मापदण्ड अन्तर्गत १० अंक सम्म । |
| ७ | शिक्षालय सुधार योजना र समग्र प्रस्ताव ढाचा मुल्यांकन (मूल्यांकन समितिको निर्णय बमोजिम) | १५ | सामान्य भएमा – ५ अंक सम्म<br>मध्यम भयमा - १० (५ भन्दा बढी बुँदा समेटेको )<br>राम्रो भएमा – १५ अंक सम्म(बुदा सबै समेटेको) |
| | जम्मा | ७० | |

छनौटका आधारहरुमा उत्कृट नतिजा ल्याएको तिन शिक्षालयलाई २५ अंक MoSD र Quality team अनुगमन को आधारमा दिने । कुल १०० अंक मध्ये बढी अंक प्राप्त गर्ने शिक्षण संस्थालाई छनौट समितिले छनौट गर्न सक्ने छ ।

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

प्रदेश सचिव